"गर्वले तिरौं कर, पारौं समुन्नत पथरी शनिश्चरे नगर"

# पथरी शनिश्चरे नगरपालिका
# Pathari Shanishchare Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

पथरी, मोरङ, कोशी प्रदेश, नेपाल
Pathari, Morang, Koshi Province, Nepal

प.सं. २०८१/०८२
च.नं.:

मितिः २०८१/०६/१६

बिषयः सामाजिक सुरक्षा भत्ता सम्बन्धी सूचना।

प्रस्तुत विषयमा, गत आ.व.को चौथो त्रैमासिक वापतको सामाजिक सुरक्षा भत्ता रकम निकासा गर्ने क्रममा सामाजिक सुरक्षा प्रणालिमा सम्पुर्ण लाभग्राहीको Validation को अवस्था Success भएको तर प्रणालिको गडबढिका कारण सामाजिक सुरक्षा प्रणालिबाट CGAS प्रणालिमा नगएको हुनाले ७ नं वडा कार्यालयका २८३ जना लाभग्राहिको सामाजिक सुरक्षा भत्ता रकम छुट हुन गएको। साथै सो वापतको रकम निकासको लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग समक्ष माग गरिएको। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.नं.६७ मिति २०८१/०६/०६ को पत्र साथ संलग्न निर्णय नं ६ मा "आ.व. २०८०/०८१ मा भुक्तान हुन बाँकी लाभग्राहीहरुको भत्ता रकम अर्थ मन्त्रालयबाट निकासा भई आएपश्चात् महालेखा नियन्त्रक कार्यालय तथा विभागले आपसी समन्वयमा EFT बाट लाभग्राहीको खातामा नै पठाउने व्यवस्था मिलाउने।" भनी उल्लेख भएको हुनाले यस पथरी शनिश्चरे नगरपालिका वडा नं ७ का लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वापत गत आ.व.को छुट रकम अर्थ मन्त्रालयबाट निकासा भई आएपश्चात् महालेखा नियन्त्रक कार्यालय तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले आपसी समन्वयमा EFT बाट लाभग्राहीको खातामा सीझै पठाउने व्यहोरा सरोकारवाला सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

शशि राई
प्रमुख प्रशासकीय अधिकृत

पथरी, मोरङ, कोशी प्रदेश, नेपाल, फोन नं. +९७७-०२१-५५६११३

Email: patharishanishcharemun@gmail.com, info@patharishanishcharemun.gov.np website: www.patharishanishcharemun.gov.np

नेपाल सरकार
गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

(सामाजिक सुरक्षा शाखा)

फोन : ४४११५६१, ४४६४६८८, ४४६२०५६, ४२०७८९५
फ्याक्स : ४२०००१८
सिंहदरबार, काठमाडौं
Website : www.donidcr.gov.np
E-mail : info@donidcr.gov.np
vital@donidcr.gov.np

पत्र संख्या : २०८१/०८२
चलानी नं. : 66

मिति २०८१/०६/०६
ने.सं. ११४४ जलागा ४

विषयः निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा।

श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर, काठमाण्डौ ।
श्री नेपाल राष्ट्र बैङ्क, बालुवाटार काठमाण्डौ ।
श्री स्थानीय तह सबै ।
श्री बैङ्क तथा बित्तीय संस्था (सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सबै) ।
श्री नेपाल क्लियरिङ हाउस लिमिटेड ।

उपरोक्त सम्बन्धमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीलाई बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सम्बन्धमा स्थानीय तह र बैंक तथा वित्तीय संस्था बीचको समन्वयमा सामाजिक सुरक्षा भत्ता वितरण हुँदै आएको व्यहोरा विदितै छ।

सोही सन्दर्भमा, यस विभागका महानिर्देशकको अध्यक्षतामा मिति २०८१/०५/२३ बसेको बैठकको निर्णयको प्रति यसै साथ संलग्न छ । व्यहोरा सोही निर्णयको प्रतिबाटै अवगत गर्नुभई तोकिएको समय सीमा भित्रै आवश्यक कार्यबाही गरी विभागलाई जानकारी गराउनहुन निर्णयानुसार अनुरोध छ ।

जुना खड्का खत्री
(शाखा अधिकृत)

निर्णयहरु:

१.रकम फिर्ता सम्बन्धमा:-

क) वि.सं. २०७८ श्रावण १ गते भन्दा पहिले सामाजिक सुरक्षा भत्ता वितरणको लागि खोलिएका खाताहरु निष्क्रिय (डोरमेट) भएको भए उक्त खाताको विवरण (खाता नं., लाभग्राहीको नाम, स्थायी ठेगाना, सामाजिक सुरक्षा परिचय पत्र नम्बर) सम्बद्ध सबै बैङ्क तथा वित्तीय संस्थाहरूले १५ दिन भित्र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागलाई उपलब्ध गराउने र सो विवरण विभागले प्रणालीबाट सम्बन्धित स्थानीय तहमा पठाउने । स्थानीय तहले आफुले प्राप्त गरेको उक्त विवरण बढीमा १ महिना भित्र रुजु गर्ने; यसरी रुजु भएको विवरणको आधारमा सम्बन्धित सबै बैङ्क तथा वित्तीय संस्थाहरुले सम्बन्धित स्थानीय तह र कोष तथा लेखा नियन्त्रण कार्यालयसँगको समन्वयमा रकम फिर्ता गर्ने ।

ख) विभागले सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सबै बैङ्क तथा वित्तीय संस्थामा रहेको Parking वा Settlement Account मा २०८१ असार मसान्त भन्दा पहिलेको रकम भएमा सो को विवरण माग गरी रकम फिर्ता लिने ।

२.रकम फिर्ता गर्दा सबै बैङ्क तथा वित्तीय संस्थाले RMIS मा फिर्ता गर्ने सो को लागि विभाग, महालेखा नियन्त्रक कार्यालय, Nepal Clearing House Limited र बैङ्क तथा वित्तीय संस्थाले आपसमा समन्वय गरी आवश्यक व्यवस्था मिलाउने ।

४.लाभग्राहीको माग एवम् बैंकिङ नियमानुसार साधारण बचत खाता सरहका सुविधा जस्तै:- ATM, Cheque, SMS, ABBS सेवा उपलब्ध गराउन बैंकर्स एशोसिएसन्स मार्फत सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाका शाखाहरुलाई जानकारी गराउने ।

५. हिसाब मिलानको लागि Nepal Clearing House Limited र सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको प्रणाली बिच अन्तरआबद्धता गरी आवश्यक पर्ने विवरणहरु जस्तै:- Last withdrawal date, KYC status लगायतका विवरणहरु विद्युतीय माध्यम (API) बाट विभागलाई उपलब्ध गराउने।

६. आ.व. २०८०/०८१ मा भुक्तान हुन बाँकी लाभग्राहीहरुको भत्ता रकम अर्थ मन्त्रालयबाट निकासा भइ आए पश्चात महालेखा नियन्त्रकको कार्यालय तथा विभागले आपसी समन्वयमा EFT बाट लाभग्राहीको खातामा नै पठाउने व्यवस्था मिलाउने।

७.स्थानीय तहले लगत कट्टा गरेको लाभग्राहीको विवरण प्रणाली मार्फत Nepal Clearing House Limited मार्फत खाता रहेको सम्बन्धित बैंकमा जाने व्यवस्था मिलाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

८. दुर्गम क्षेत्रका सामजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको हितका लागि सहज तरिकाले भत्ता रकम वितरण गर्ने व्यवस्था गर्न बैंकहरूले घरदैलो अभियान सञ्चालन गर्ने, अभियानका लागि आवश्यक पर्ने सुरक्षा व्यवस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयले गर्ने, logistic प्रबन्ध सम्बन्धित स्थानीय तहले गर्ने गरी आवश्यक समन्वयात्मक व्यवस्था गर्ने ।

९. विभाग, स्थानीय तह र बैङ्क तथा वित्तीय संस्थाको संयुक्त सहकार्यमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको लागि वित्तीय साक्षरता तथा स्थानीय तहको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम संचालन गर्ने ।